५३. संघीय सरकार र प्रदेश सरकारको सहयोगमा क्रमशः सबै मा.वि. हरुमा विज्ञान भवन र प्रयोगशालाको उचित ब्यवस्था गरिने नीति लिईनेछ । विद्यालय छात्राको संख्या टिकाई राख्न छात्रा प्रोत्साहन कार्यक्रम लागु गरिनेछ ।

५४. शैक्षिक कार्यक्रमहरुलाई प्रभावकारी र पारदर्शी तरीकाले कार्यान्वयन गरिनेछ ।

५५. विद्युतीकरण नभएका विद्यालयहरुमा विद्युत ब्यवस्थापन गरिनेछ ।

**५६.** रोहिणी गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा **कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीहरुका लागि निःशुल्क शिक्षा सञ्चालन गरिनेछ ।** यसबाट गाउँपालिका भित्रकै शैक्षिक संस्थाहरुमा अध्ययन गर्ने परिपाटीको विकास हुनेछ ।

**५७.** वातावरण मैत्री तथा हरित विद्यालय सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**५८.** अभिभावक, शिक्षक, विद्यार्थी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**५९.** बालवालिकाको प्रतिभा प्रस्फुटनका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ । अन्तरपालिका र जिल्ला स्तरमा प्रतिस्पर्धा गरि नाम राख्ने विद्यार्थीलाई प्रोत्साहन दिइनेछ ।

**युवा तथा खेलकुदः**

६०. जिल्ला खेलकूद विकास समिती एवम् खेलकूद विकाससँग सम्बन्धित संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरी खेलकूद विकासका लागि खेलकूद कार्यक्रम सञ्चालन, खेल मैदान निर्माण, सामाग्री वितरण एवम् राष्ट्रिय तथा क्षेत्रीय स्तरमा सञ्चालित प्रतियोगिमा सहभागी हुने खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ ।

६१. राष्ट्रका लागि खेलकूद र स्वास्थ्यका लागि खेलकूद भन्ने मान्यता अनुसार युवा केन्द्रित खेलकूद कार्यक्रम सञ्चालन गरिनेछ ।

६२. **अध्यक्षकप क्रिकेट तथा उपाध्यक्ष कप भलिवल प्रतियोगिता** सञ्चालन गरी खेल संस्कृतको विकास गरिनेछ ।

६३. विद्यालय स्तरका विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन गर्नका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

६४. युवाहरुमा उद्यमशीलता, सृजनशीलता एवम् सकारात्मक सोचको विकास गर्ने अभिप्रायका साथ सोही अनुरुपका सीप र क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ ।

**सामाजिक सुरक्षा तथा संरक्षणः-**

८७. भूमिहीन दलित,भूमिहीन सुकुम्बासी, अव्यवस्थित नागरिकहरुको लगत संकलन गरी आयोगमा सिफारिस गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।साथै मालपोत र नापी कार्यालय संग संमन्वय गरी गाउँव्लकका जग्गामा बसोबास गरिरहेका नागरिकलाई जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराईनेछ ।

८८. बैंकहरुसँगको समन्वय र सहकार्यमा सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत अझ सरल र छिटो तरिकाले भुक्तानी गर्ने ब्यवस्था मिलाइनेछ । छिटो,छरितो र सुलभ तरिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरूलाई सम्मान गरिने छ ।

**ग)पूर्वाधार विकासः**

८९. विकासका पूर्वाधारमा सडक पहिलो शर्त हुनाले गुणस्तरीय सडक निर्माणलाई प्राथमिकता दिइनेछ । सडक स्तरोन्नतीसँगै नाली निर्माण गरिनेछ ।

९०. **सडकको चौडाई न्यूनतम ६ मिटर** कायम गर्न सबैलाई अभिप्रेरित गरिनेछ । **सबै सडकहरुको मापदण्ड निर्माण र नामाकरण** गरिनेछ ।

९१. सडकको क्षेत्राधिकार (चौडाई) पुर्याउने दायित्व सडकको दायाँ वायाँ घर जग्गा हुने नागरिकको हुने हुंदा सबै नागरिकहरुलाई सकारात्क सोंच, भावना र बिचार सहित विकास निर्माणमा पूर्णरुपमा सघाउ पुऱ्याउन गाउँपालिका हार्दिक अनुरोध गर्दछ । यदि ठूलो विवाद भई योजना कार्यान्वयन हुन नसक्ने वातावरण सृजना भएमा त्यस्तो योजनालाई विवादरहित क्षेत्रमा कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

९२. रोहिणी गाउँपालिकाको आधुनिक प्रविधिमैत्री सुविधा सम्पन्न प्रशासकीय भवनको यसै वर्षबाट ठेक्का भई काम शुरुवात गरिनेछ । जसका लागि लागत साझेदारीमा नेपाल सरकार, जिल्ला समन्वय समित र पालिकाले आर्थिक व्यवस्थापन गरी निर्माण गरिनेछ ।

९३.गाउँपालिका क्षेत्रभित्र सडक सञ्जाल निर्माणका लागि सडक गूरुयोजना तयार गरी व्यवस्थित र योजनाबद्ध तरीकाले स्तरीय सडक सञ्जाल निमार्ण गरिने नीति अनुसरण गरिनेछ

९४. मापदण्ड विपरीत बनेका सडकहरुमा गाउँपालिकाको लगानीलाई निरुत्साहन गरिनेछ । हाल सञ्चालनमा रहेका सडकहरुलाई क्रमशः मापदण्डको दायरामा ल्याउन पहल गरिनेछ

९५. विद्युत वितरण प्रणालीलाई प्रभावकारी बनाउन विद्युत प्राधिकरणसँग समन्वय गरी आवश्यकता अनुसार ट्रान्सफर्मरको क्षमता वृद्धि, थप तथा लाईन विस्तार गरी सबै घरहरुमा र वस्तीहरुमा विद्युतीय सेवा पुर्याउने नीति लिइनेछ ।

